नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

मिति २०८२/२/१४ गते विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको ३२औं बैठकबाट देहायको निर्णय भएको ।

"अविरल वर्षाको समयमा चोभार गल्छीबाट हुने नदी प्रवाहमा अवरोध सिर्जना हुँदा वरपरको क्षेत्रमा डुबान हुने गरेकोले आगामी दिनमा उक्त समस्या दोहोरिन नदिन आवश्यकता अनुसार नेपाली सेनासँग समेत समन्वय गरी विपद् जोखिम न्यूनीकरण गर्न शहरी विकास मन्त्रालयलाई निर्देशन दिने।" भन्ने पत्र प्राप्त भएकोमा उक्त निर्णय कार्यान्वयन सम्बन्धमा विभिन्न सामाजिक सञ्जाल तथा राजनैतिक दलहरूमा फरक फरक बिचार प्रेषित भै जनमानसमा दुविधा पर्न गएकोले यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

बाढी पहिरो जस्ता विपदबाट जनधनको क्षति हुन नदिन तथा नदी किनारमा विस्तार भएको वस्तीहरूको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । काठमाडौं उपत्यकाको पानीको निकास विन्दु चोभारमा रहेको गल्छीको धार्मिक सांस्कृतिक तथा प्राचीन पहिचानलाई अक्षुण्ण राख्दै चोभार गल्छी वरपरको क्षेत्रमा हुनसक्ने डुबान न्यूनीकरणको लागि चोभार गल्छी भन्दा माथि विगतमा बगाएर ल्याएको फोहोरहरू हटाउने पहिरो जानसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी रोकथामको कार्य गर्न तथा यसको दीर्घकालीन समाधानको लागि आवश्यक प्राविधिक अध्ययन गरी कार्ययोजना समेत तयार गर्ने यस मन्त्रालयको उद्देश्य रहेको र गल्छी चौडा गर्ने तथा परापूर्वकाल देखि प्राकृतिक रूपमा रहेका चट्टानहरू हटाउने कुनै पनि उद्देश्य नरहेको ब्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

मितिः २०८२/३/१९

प्रवक्ता

फोन नं.: ४२११८८३,४२११६७३ , फ्याक्सः ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np